स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३) बङ्गाँडा ,प्यूठान ,असार १७ गते ,२०७६ साल (संख्या ५

भाग-२

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सरुमारानी गाउँपालिका

# सरुमारानी अनाथ वालवालिका मासिक भत्ता कार्यविधि, २०७६

प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सरुमारानी गाउँपालिकामा भित्र रहेका, वुवा-आमा नभएका वा वुवा-आमाको संरक्षकत्वबाट विमुख भएका तथा सामाजिक/आर्थिक रुपमा पछि परेका एवं सम्पत्तीको निर्णायिक पहुँचबाट टाढा रहेका र निजहरुका पालन पोषणमा पारिवारीक दृष्टिकोण समेत सकारात्मक नभएका अनाथ वालवालिकाहरुलाई पालन पोषण तथा शिक्षा हासिल गर्न सहजता ल्याउने उद्देश्यले यो सरुमारानी अनाथ वालवालिका मासिक भत्ता कार्यविधि, २०७६ बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

- क) यस कर्यबिधिको नाम “सरुमारानी अनाथ वालवालिका मासिक भत्ता कार्यविधि, २०७६ रहेको छ।
- (ख) यो कार्यविधि सम्वत् २०७६ श्रावण १ बाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

- (क) “अनुगमन समिति” भन्नाले गाउँपालिकाले गठन गर्ने परिच्छेद ३(ख) बमोजिमको समिति सम्झनु पर्छ ।
- (ख) “सिफारिस” भन्नाले सम्बन्धित वडाको वडा अध्यक्षले हस्ताक्षर गरेको सिफारिस पत्र सम्झनु पर्छ ।
- (ग) “गाउँपालिका” भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।
- (घ) “अनाथ बाल-बालिका” भन्नाले सरुमारानी गाउँपालिकामा स्थायी वासिन्दा रहेका वा यस गाउँपालिका भित्र मावली भई मावलीघरमा वसी अध्ययन गरेका, १८ वर्ष मुनिका, वुवा-आमा नभएका वा वुवा-आमाको संरक्षकत्वबाट विमुख भएका तथा सामाजिक/रुपमा रुपमा पछि परेका विपन्न एवं सम्पत्तीको निर्णायिक पहुँचबाट टाढा रहेका र निजहरुका पालन पोषणमा पारिवारीक दृष्टिकोण समेत सकारात्मक नभएका अनाथ वालवालिकाहरु सम्झनु पर्छ।

## परिच्छेद २
## रकम व्यवस्थापन र भुक्तानी

३.रकम व्यवस्थापनः गाउँपलिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने वार्षिक खर्च रकम अनुमान गरी बार्षिक रुपमा गाउँसभाले बिनियोजन गरी रकमको ब्यवस्थापन गर्नेछ ।

४.भुक्तानी प्रकृयाः

- (क) यस गाउँपालिकामा भित्र रहेका यस कार्यविधिको दफा २ (घ) वमोजिम अनाथ वालवालिका भनि परिभाषित भएका वालवालिकाहरुले सम्वन्धित वडा कार्यालयमा सिफारिसको लागि निवेदन दिनेछन् ।

(ख) यस गाउँपालिकाले सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा यस कार्यविधिको दफा २ (घ) वमोजिम अनाथ वालवालिका भनि परिभाषित वालवालिकाहरुको परिचय पत्र जारी गर्नेछ ।परिचय पत्रको ढाँचा कार्यपालिकाले तोक्नेछ ।

(ग) यस कार्यविधिको दफा २ (घ) वमोजिम अनाथ वालवालिका भनि परिभाषित भएका वालवालिकाहरुले सम्बन्धित वडाको सिफारिस पत्र संलग्न राखि गाउँपालिकाको कार्यालयमा निवेदन दिनेछन् ।

(घ) गाउँपालिकाले अनाथ वालवालिको निवेदन वमोजिम प्रति अनाथ वालवालिकालाई मासिक रु. १,०००।- (अक्षेरुपी एक हजार) मात्र अनाथ वालवालिका भत्ता उपलव्ध गराउनेछ ।

## परिच्छेद ३
## अनुगमन सम्वन्धी व्यवस्था

५. (क) रकम उपलब्ध गराउने तथा अभिलेख राख्नेः

(१) दफा (४) वमोजिम विनियोजित रकमबाट खर्च हुनेगरी अनाथ वालवालिकाको भुक्तानीका आधारमा अभिलेख राखी गाउँपालिकाको आर्थिक प्रशासन शाखाले चौमासिक रुपमा भुक्तानी दिनेछ ।

(२) सेवा प्राप्त अनाथ वालवालिकाहरुको विवरणको अभिलेख गाउँपालिका महिला, वालवालिका तथा समाजकल्याण शाखाले राख्नेछ ।

(ख) अनुगमन समितिः

यस कार्यविधिमा उल्लेखित सबै प्रावधानहरु ठिक तरिकाले कार्यान्वयन भए नभएको बारे रेखदेख गर्न, सम्बन्धित पक्षलाई सुझव दिन र कार्यान्वयनमा सहयोग गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छ। यस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

गाउँपालिकाको अध्यक्ष - संयोजक

गाउँपालिकाको उपाध्यक्ष - सहसंयोजक

सामाजिक विकास समितिको संयोजक - सदस्य

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

गाउँपालिकाको महिला, वालवालिका तथा समाजकल्याण शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद ४
## अन्य

६.कारवाही हुनेः

यस कार्यविधि विपरित कार्य गर्ने गराउने कुनै पनि ब्यक्ती समुहलाई प्रचलित कानून वमोजिम कारवाही हुनेछ । गलत प्रमाण पेश गरि रकम भुक्तानी लिएको दिएको प्रमाणीत भएमा उपलब्ध गराइको रकम वा सामाग्री फिर्ता गरिनेछ ।

७. खारेजी र बचाउः

यो कार्यबिधि स्वीकृत भएको मिति देखि लागू हुनेछ । साथै यो कार्यबिधि लागू भए देखि यस अघि यसै कार्यविधि अनुकुल भएका कार्यहरु यस कार्यबिधिले समेटेको हद सम्म यसै कार्यबिधि वमाजिम भएको मानिनेछ ।